वर्ष ७ अंक ८

# अर्थ बुलेटिन

## (आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक तथ्याङ्कमा आधारित)

### प्रमुख झलकहरू

- विश्व अर्थतन्त्र सन् २०२६ मा ३.३ प्रतिशतले विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। सन् २०२६ मा दक्षिण एसियाली मुलुकहरूको अर्थतन्त्र ६.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ जुन उदीयमान तथा विकासशील मुलुकहरूको अर्थतन्त्रको विस्तारको तुलनामा उच्च हो। सन् २०२६ मा नेपालको अर्थतन्त्र ३.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ।

- समग्र मूल्य स्थिति न्यूनस्तरमा रहेको छ। २०८१ पुसमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४१ प्रतिशत रहेकोमा २०८२ पुसमा २.४२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति १.७ प्रतिशत रहेको छ जुन चालु आर्थिक वर्षको बजेटले लिएको लक्षित सीमा भित्र रहेको छ।

- चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सार्वजनिक वित्तका परिसूचक सामान्य रहेका छन्। यस अवधिमा सङ्घीय सरकारको वित्त घाटा रु.१८ अर्ब १७ करोड रहेको छ भने प्राथमिक बचत रु.१६ अर्ब ७ करोड रहेको छ। त्यसैगरी, यस अवधिमा सङ्घीय सरकारको बजेट घाटा रु.१ खर्ब ७१ अर्ब ८१ करोड रहेको छ भने राजस्व बचत रु.२० अर्ब १५ करोड रहेको छ। यस अवधिमा राजस्व सङ्कलन ३.२ प्रतिशत र सङ्घीय खर्च ३.४ प्रतिशतले बढेको छ।

- सरकारले यस अवधिमा स्रोत व्यवस्थापनको लागि रु.१ खर्ब ७७ अर्ब ६६ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। थप सार्वजनिक ऋण परिचालन तथा वैदेशिक मुद्रा विनिमय दरमा भएको परिवर्तनको कारण सरकारको सार्वजनिक ऋण बढेर २०८२ पुस मसान्तमा रु.२८ खर्ब ६ अर्ब ३९ करोड पुगेको छ।

- करको दायरा विस्तार भएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७३ लाख ६० हजार पुगेको छ।

- यस अवधिमा वस्तु निर्यात ४३.८ प्रतिशतले बढेर रु.१४२ अर्ब २ करोड र वस्तु पैठारी १४.२ प्रतिशतले बढेर रु.९ खर्ब ३९ अर्ब २ करोड पुगेको छ। यस अवधिमा चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। विप्रेषण आय ३९.१ प्रतिशतले बढेको छ। फलस्वरुप, विदेशी मुद्रा सञ्चितिमा निरन्तर वृद्धि भई यस्तो सञ्चिति हालसम्मकै उच्च रु.३२ खर्ब ४२ अर्ब पुगेको छ। यो सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।

- वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १९.७ प्रतिशतले बढेको छ। पर्यटक आगमन ४.० प्रतिशतले वृद्धि भएको छ।

- यस अवधिमा वित्तीय क्षेत्रका परिसूचकहरू सकरात्मक रहेका छन्। यस अवधिमा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.६ प्रतिशतले बढेको छ। बीमा प्रिमियम सङ्कलन ९.४ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा नेप्से सूचकाङ्क २६४१.४४ विन्दु कायम भएको छ। थप कम्पनी दर्ता २९.१ प्रतिशतले बढेर १२ हजार ५ सय ६९ पुगेको छ।

## विश्व एवम् क्षेत्रीय आर्थिक स्थिति

१. सन् २०२४ र सन् २०२५ मा समान ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२६ मा समेत ३.३ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ। सन् २०२५ को अन्त्य र सन् २०२६ को सुरुवातमा विश्वव्यापीरुपमा देखिएका आर्थिक, संरचनात्मक र भू-राजनीतिक विकासक्रमले विश्व आपूर्ति श्रृङ्खलामा परिवर्तन आई विकासशील मुलुकका लागि नयाँ अवसर तथा चुनौती सिर्जना हुने आँकलन गरिएको छ।

२. चीन र भारतको आर्थिक वृद्धिदर सन् २०२४ मा क्रमशः ५.० प्रतिशत र ६.५ प्रतिशत रहेकोमा सन् २०२५ मा क्रमशः ५.० प्रतिशत र ७.३ प्रतिशत रहेको अनुमान छ। सन् २०२६ मा यी मुलुकहरूको आर्थिक वृद्धिदर क्रमशः ४.५ प्रतिशत र ६.४ प्रतिशत रहने प्रक्षेपण छ। समग्रमा, चीनको अर्थतन्त्र संरचनात्मक पुनर्सन्तुलनको चरणमा प्रवेश गरेको छ भने भारत दीर्घकालीन उच्च आर्थिक वृद्धिको दिशामा अगाडि बढेको देखिन्छ।

**तालिका १: विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| शीर्षक | २०२४ | २०२५ * | २०२६** | २०२७ ** |
|---|---|---|---|---|
| विश्व | ३.३ | ३.३ | ३.३ | ३.२ |
| विकसित अर्थतन्त्र | १.८ | १.७ | १.८ | १.७ |
| अमेरिका | २.८ | २.१ | २.४ | २.० |
| यूरोपियन युनियन | १.२ | १.५ | १.५ | १.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.३ | ४.४ | ४.२ | ४.१ |
| उदीयमान तथा विकासशील एशिया | ५.३ | ५.४ | ५.० | ४.८ |
| चीन | ५.० | ५.० | ४.५ | ४.० |
| ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्र | २.४ | २.४ | २.२ | २.७ |
| मध्य पूर्व र उत्तर अफ्रिका | २.७ | ३.७ | ३.९ | ४.० |
| दक्षिण एशिया | ६.३ | ७.१ | ६.२ | ६.५ |
| भारत | ६.५ | ७.२ | ६.५ | ६.६ |
| बङ्गलादेश | ४.२ | ३.७ | ४.६ | ६.१ |
| नेपाल# | ३.७ | ४.६ | ३.५ | ५.१ |
| पाकिस्तान | २.६ | ३.० | ३.२ | ४.१ |
| श्रीलङ्का | ५.० | ४.६ | ३.५ | ३.१ |
| सब-साहारा अफ्रिका | ४.१ | ४.४ | ४.६ | ४.६ |

**स्रोत:** अन्तर्राष्ट्रिय मुद्रा कोष/विश्व बैङ्क, जनवरी २०२६। # आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समिक्षा, अर्थ मन्त्रालय

* अनुमानित ** प्रक्षेपण

**नोट:** माथि उल्लिखित तथ्याङ्कहरू अन्तर्राष्ट्रिय मुद्रा कोष "वर्ल्ड इकोनोमिक आउटलुक" र विश्व बैङ्कको जनवरी २०२६ को "ग्लोबल इकोनोमिक प्रस्पेक्टिभ" प्रतिवेदनमा आधारित छन्।

## राष्ट्रिय अर्थतन्त्र

३. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्य) मा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.० प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा यस्तो वृद्धिदर २.९ प्रतिशत रहेको संशोधित अनुमान छ।

४. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.३६ प्रतिशत विस्तार हुने अनुमान छ। विशेषतः पशुपन्छी, तरकारीबाली तथा फलफूल उत्पादनमा वृद्धि हुने भएता पनि धानको उत्पादन घट्ने अनुमानको आधारमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मकरुपमा न्यून रहने अनुमान छ। चालु आर्थिक वर्षमा मकै, कोदो, फापर लगायतका खाद्यान्न बालीको उत्पादन बढ्ने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा धान, गहुँ, मकै लगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत र नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढेको अनुमान छ।

५. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.४४ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आर्थिक वर्षमा ऊर्जा र निर्माण क्षेत्रका क्रियाकलापमा विस्तार हुँदा सो को सकरात्मक प्रभाव समग्र उद्योग क्षेत्रमा पर्ने अनुमान छ। चालु आर्थिक वर्षको पहिलो त्रयमासमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ।

६. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.०३ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आर्थिक वर्षमा थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, सामान्य प्रशासन तथा रक्षा, पर्यटकीय गतिविधि र व्यक्तिगत सेवाका क्रियाकलापमा विस्तार हुँदा समग्र सेवा क्षेत्रमा सकरात्मक प्रभाव पर्ने अनुमान छ।

## मुद्रास्फीति

७. वार्षिक विन्दुगत आधारमा २०८२ पुस महिनामा उपभोक्ता मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.४१ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ०.०९ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.८१ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको औसत मुद्रास्फीति १.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति ४.९७ प्रतिशत रहेको थियो।

## सङ्घीय सरकारी खर्च

९. आर्थिक वर्ष २०८२/८३ को पुससम्म सङ्घीय सरकारको कुल खर्च ३.३९ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ९० अर्ब २२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रु.६ खर्ब ६७ अर्ब ५६ करोड रहेको थियो।

**तालिका २: पछिल्लो ५ वर्षको पुस महिनासम्मको खर्चको स्थिति** (रु. करोडमा)


| खर्च शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु खर्च | ४०६४१.०२ | ४५५१२.७ | ४३७३८.१२ | ४५१९५.७३ | ४८७१४.३८ |
| पुँजीगत खर्च | ५०८०.८ | ५३४५.५२ | ४९२३.५८ | ५६९३.८५ | ४९४२.७१ |
| वित्तीय व्यवस्था | ४९४७.४८ | ६७७६.५४ | ८०००.४३ | १५८६६.३९ | १५३६४.६९ |
| **कुल सङ्घीय खर्च** | **५०६६९.३** | **५७६३४.७६** | **५६६६२.१३** | **६६७५५.९८** | **६९०२१.७८** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१०. यस अवधिमा कुल विनियोजित बजेटमध्ये चालु तर्फ ४१.२५ प्रतिशत, पुँजीगत तर्फ १२.१२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ४०.९५ प्रतिशत गरी समग्रमा ३५.१४ प्रतिशत रकम खर्च भएको छ। गत आर्थिक वर्षमा यस्तो खर्च चालुतर्फ ३९.६३२ प्रतिशत, पुँजीगततर्फ १६.१६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४३.२० प्रतिशत गरी समग्रमा ३५.८८ प्रतिशत रकम खर्च भएको थियो।

११. यस अवधिसम्मको कुल खर्चमध्ये चालु खर्च (वित्तीय हस्तान्तरण सहित), पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः ७०.५८ प्रतिशत, ७.१६ प्रतिशत र २२.२६ प्रतिशत रहेको छ।

**चार्ट १: पुषसम्मको कुल खर्च संरचना** (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय, २०८२

१२. विगत पाँच आर्थिक वर्षको पुषसम्मको सङ्घीय सरकारी खर्चको प्रवृत्ति हेर्दा चालु खर्च र पुँजीगत खर्चको हिस्सा घट्दो दरमा रहेको छ भने वित्तीय व्यवस्था खर्चमा वृद्धि हुँदै गएको छ।

१३. चालु आर्थिक वर्षको पुषसम्मको सङ्घीय सरकारी खर्चमध्ये सबैभन्दा बढी खर्च असोज महिनामा २६.७२ प्रतिशत रहेको छ भने सबैभन्दा कम खर्च साउन महिनामा ६.७१ प्रतिशत रहेको छ। सार्वजनिक सेवामा कार्यरत तथा सेवानिवृत्त कर्मचारीलाई असोज महिनामा चाडपर्व खर्च भुक्तानी गरिने हुँदा कुल खर्चमा उक्त महिनाको खर्चको हिस्सा उच्च भएको हो।

**तालिका ३ :चालु आर्थिक वर्षको पुस महिनासम्मको मासिक खर्च (रु. करोडमा) र खर्च भार**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.०७ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.१९ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.२७ |
| कात्तिक | ६४१८.६२ | ६१३.०० | ३३९८.३८ | १०४३०.०० | ०.१५ |
| मङ्सिर | ७७०५.५० | ८५६.०९ | ९९५.५९ | ९५५७.१८ | ०.१४ |
| पुष | ८,९०९.६६ | १,५५५.२८ | २,११०.७२ | १२,५७५.६६ | ०.१८ |
| **जम्मा** | **४८७१४.३८** | **४९४२.७१** | **१५३६४.६९** | **६९,०२१.७८** | **१.००** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२।

## राजस्व परिचालन

१४. चालु आर्थिक वर्ष २०८२/८३ को पुससम्म सङ्घीय सरकारको कुल राजस्व सङ्कलनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.२ प्रतिशतले वृद्धि भएको छ। यस अवधिको कुल राजस्व रु. ५ खर्ब ७७ अर्ब ४० करोड रहेको छ।

**तालिका ४: पछिल्लो पाँच आर्थिक वर्षको पुससम्मको राजस्व सङ्कलनको स्थिति (रु. करोडमा)**


| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर राजस्व | ४९३९९.२९ | ४०५२६.९३ | ४४३५५.२० | ४८९३९.९२ | ५१६११.५१ |
| गैरकर राजस्व | ४८०६.१५ | ४७४३.४१ | ५२९४.७८ | ७०२०.८२ | ६१२८.४८ |
| **कुल राजस्व** | **५४२०५.४४** | **४५२७०.३४** | ४९६४९.९८ | ५५९६०.७४ | ५७७३९.९९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

१५. यस अवधिमा कर राजस्व रु. ५ खर्ब १६ अर्ब १२ करोड, गैरकर राजस्व रु. ६१ अर्ब २८ करोड र अन्य प्राप्ति रु.४ अर्ब १ करोड सहित कुल प्राप्ति रु. ५ खर्ब ८१ अर्ब ४१ करोड भएको छ।

१६. यस अवधिको कर राजस्व सङ्कलनमा ५.५ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्व सङ्कलनमा १२.७ प्रतिशतले कमी आएको छ। यस अवधिमा आयकर अन्तर्गत पुँजीगत लाभकर र ब्याजकर सङ्कलन दुवैमा कमी आएको छ।

**चार्ट २ :पछिल्लो ५ वर्षको पुस महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

१७. पछिल्लो ७ आर्थिक वर्षको पुससम्मको सङ्घीय सरकारको राजस्व सङ्कलनमा केही उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०७७/७८ कोभिड महामारीको सङ्क्रमण र आर्थिक वर्ष २०७९/८० मा बाह्य क्षेत्र सुधारका

लागि नीतिगत कदम चालिएको (निश्चित विलासी वस्तुको आयातमा नियन्त्रण गरिएको) कारण राजस्व सङ्कलनमा नकारात्मक वृद्धि भएको थियो भने अन्य वर्षमा यस्तो वृद्धिदर सकारात्मक रहेको छ।


**तालिका ५: पछिल्लो दुई आर्थिक वर्षको पुससम्मको राजस्व सङ्कलनको शीर्षकगत स्थिति** (रु. करोडमा)

| कर शीर्षक | आ.व.२०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ को सङ्कलन | २०८२/८३ | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन % | पुससम्मको लक्ष्यको तुलनामा सङ्कलन % | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|
| | | | पुससम्मको लक्ष्य | पुससम्मको सङ्कलन | | | |
| भन्सार महशुल | ३०५५७.०५ | १०७३७.४१ | १४६८३.८० | ११६०५.२६ | ३८.० | ७९.० | ८.१ |
| मूल्य अभिवृद्धि कर | ३९४५९.५२ | १५४८४.८६ | १८६१०.४४ | १६७७१.२७ | ४२.५ | ९०.१ | ८.३ |
| उत्पादन, विक्री, सेवा | १७२७९.८९ | ६४७५.११ | ७६१९.३७ | ७०३५.६० | ४०.७ | ९२.३ | ८.७ |
| पैठारी | २२१७९.६३ | ९००९.७५ | १०९९१.०७ | ९७३५.६८ | ४३.९ | ८८.६ | ८.१ |
| अन्तःशुल्क | २१३१५.७७ | ८३३८.८५ | १०१३५.४० | ९१२७.६० | ४२.८ | ९०.१ | ९.५ |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ६०८२.३१ | ७१७१.२० | ६५९८.७७ | ४३.३ | ९२.० | ८.५ |
| पैठारी | ६०८८.६५ | २२५६.५४ | २९६४.२० | २५२८.८२ | ४१.५ | ८५.३ | १२.१ |
| शिक्षा सेवा शुल्क | ५२३.१३ | १८४.९७ | २३४.७८ | २९१.४४ | ५५.७ | १२४.१ | ५७.६ |
| आयकर | ४०७०२.९२ | १४१९३.८३ | १९४३०.०९ | १३८१५.९४ | ३३.९ | ७१.१ | -२.७ |
| आयकर | ३५५४४.८८ | १२५८१.५८ | १६६७७.५३ | १२४६७.८९ | ३५.१ | ७४.८ | -०.९ |
| ब्याज कर | ५१५८.०५ | १६१२.२५ | २७५२.५६ | १३४८.०५ | २६.१ | ४९.० | -१६.४ |
| कर राजस्व | १३२५५८.३९ | ४८९३९.९२ | ६३०९४.५१ | ५१६११.५१ | ३८.९ | ८१.८ | ५.५ |
| गैरकर राजस्व | १५४४१.६१ | ७०२०.८२ | ८०२६.२८ | ६१२८.४८ | ३९.७ | ७६.४ | -१२.७ |
| **कुल राजस्व** | **१४८०००.००** | **५५९६०.७४** | **७११२०.७९** | **५७७३९.९९** | **३९.०** | **८१.२** | **३.२** |
| **अन्य प्राप्ति** | **०.००** | **७७८.९९** | **०.००** | **४००.७४** | **–** | **–** | **-४८.६** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४८०००.००** | **५६७३९.७३** | **७११२०.७९** | **५८१४०.७२** | **३९.३** | **८१.७** | **२.५** |


स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१८. यस अवधिमा शिक्षासेवा शुल्क सङ्कलन लक्ष्य भन्दा बढी भएको छ। चालु आर्थिक वर्षको पुससम्ममा यस अवधिसम्मको कुल राजस्व लक्ष्यको ८१.२ प्रतिशत र वार्षिक राजस्व लक्ष्यको ३९.० प्रतिशत राजस्व सङ्कलन भएको छ।

**चार्ट ३: पछिल्लो दुई वर्षको पुस महिनासम्मको राजस्व सङ्कलनको अवस्था** (प्रतिशतमा)




आर्थिक वर्ष २०८१/८२




आर्थिक वर्ष २०८२/८३

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

१९. चालु आर्थिक वर्षको पुस महिनासम्मको संकलित कुल राजस्वमा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार विन्दुमा सङ्कलन हुने राजस्वको हिस्सा वृद्धि भएको छ भने अन्य राजस्वको हिस्सा घटेको छ।

**तालिका ६:चालु आर्थिक वर्षको पुससम्मको मासिक राजस्व सङ्कलनको शीर्षकगत स्थिति** (रु. करोडमा)

| कर शीर्षक | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुष | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १६६५.१६ | १८७३.९३ | २१४६.८४ | १७७३.१४ | १९४६.७९ | २१९९.३९ | ११६०५.२६ |
| मूल्य अभिवृद्धि कर | २७६१.०७ | २४५३.४६ | २९०८.५५ | २५८८.३७ | २८३१.०५ | ३२२८.७७ | १६७७१.२७ |
| अन्तःशुल्क | १३८९.१० | १५०६.०१ | १८८७.९४ | १४१८.०१ | १४०५.१५ | १५२१.३९ | ९१२७.६० |
| शिक्षा सेवा शुल्क र अन्य | ४१.६८ | ४३.७२ | ६४.६३ | ५२.३४ | ३९.४३ | ४९.६३ | २९१.४४ |
| आयकर | २२४१.५७ | १०६४.४२ | १३८४.७० | १४२४.५६ | १३११.४५ | ६३८९.२४ | १३८१५.९४ |
| गैरकर | ३८०.२९ | ३३२.९२ | ७५९.१३ | ४९३.४६ | ४४१.४६ | ३७२१.२१ | ६१२८.४८ |
| **कुल राजस्व** | **८४७८.८८** | **७२७४.४६** | **९१५१.८०** | **७७४९.८८** | **७९७५.३५** | **१७१०९.६२** | **५७७३९.९९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

## सङ्घीय राजस्व

२०. चालु आर्थिक वर्षको पहिलो छ महिनासम्ममा सङ्घीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७ अर्ब २९ करोड पुगेको छ। गत आर्थिक वर्षको पुससम्ममा यस्तो राजस्व रु. ४ खर्ब ९४ अर्ब ९१ करोड रहेको थियो।

२१. यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाट हुने राजस्व समेत गत आर्थिक वर्षको पुस मसान्तसम्मको रु.६४ अर्ब ७० करोडको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई रु.७० अर्ब ११ करोड पुगेको छ।

## सङ्घीय सरकारको साधनस्रोत तथा खर्चको अवस्था

२२. चालु आर्थिक वर्षको पुससम्ममा सङ्घीय सरकारको आय २.४ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८८ अर्ब ५१ करोड पुगेको छ। यस अवधिमा कुल सङ्घीय सञ्चित कोषमा प्राप्ति (ऋणसहित) भने १.४ प्रतिशतले कमी आएको छ। यस वर्ष आन्तरिक तथा बाह्य ऋण परिचालनमा कमी आउँदा यस्तो प्राप्ति रकम घटेको हो। यस अवधिमा सङ्घीय सरकारको राजस्व बचत रु. ९० अर्ब २६ करोड रहेको छ। गत आर्थिक वर्षको पुससम्म यस्तो बचत रु. १ खर्ब ७ अर्ब ६० करोड रहेको थियो।

२३. चालु आर्थिक वर्षको पुससम्म बजेट बचत (आय-खर्च) रु.१ खर्ब १ अर्ब ७० करोड घाटामा रहेको छ। गत आ.व.को सोही अवधिमा यस्तो बचत रु. ९२ अर्ब ८३ करोड घाटामा रहेको थियो। यस अवधिमा सङ्घीय सरकारले रु.१ खर्ब ७७ अर्ब ६७ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ भने रु. ३६ अर्ब ८९ करोड बराबरको वैदेशिक ऋण तथा रु.७ अर्ब ११ करोड बराबरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

**तालिका ७: पछिल्लो ५ वर्षको पुससम्मको साधनस्रोत तथा खर्चको अवस्था** (रु.करोडमा)

| विवरण | पुससम्म | | | | | वृद्धिदर | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| सङ्घीय राजस्व# | ४८०१६ | ३९६९६ | ४३८९४ | ४९४९१ | ५०७२९ | १२.८ | २.५ |
| अन्य प्राप्ति | ३४१९ | ३१०६ | १८९० | ७७९ | ४०१ | -५८.८ | -४८.६ |
| वैदेशिक अनुदान | १३८८ | ४८० | ७३७ | ७७२ | ७११ | ४.७ | -७.९ |
| कुल सङ्घीय आय | ५२८२४ | ४३२८२ | ४६५२१ | ५१०४२ | ५१८४० | ९.७ | १.६ |
| आन्तरिक ऋण परिचालन | ६०० | ३००० | १२८३१ | १८१०५ | १७७६७ | ४१.१ | -१.९ |
| वैदेशिक ऋण प्राप्ति | ४५०२ | ३६३५ | ३४२७ | ५९०३ | ३६८९ | ७२.२ | -३७.५ |
| कुल सङ्घीय प्राप्ति | ५७९२६ | ४९९१६ | ६२७७९ | ७५०५१ | ७३२९६ | १९.५ | -२.३ |
| कुल सङ्घीय खर्च | ५०६७८ | ५७६३५ | ५६७३९ | ६६७६० | ६९०२२ | १७.७ | ३.४ |
| स्रोत बचत(+)/न्यून(-) | ७२४७ | -७७१८ | ६०४० | ८२९० | ४२७५ | ३७.३ | -४८.४ |
| सङ्घीय चालु खर्च | ४०६५० | ४५५१३ | ४३७३४ | ४५२०१ | ४८७१४ | ३.४ | ७.८ |
| राजस्व बचत/न्यून | ७३६६ | -५८१७ | १६० | ४२९० | २०१५ | - | -५३.० |
| बजेट बचत/न्यून | २१४५ | -१४३५३ | -१०२१८ | -१५७१८ | -१७१८१ | ५३.८ | ९.३ |
| **वित्त र प्राथमिक सन्तुलन** | | | | | | | |
| १. कुल खर्च | ५१९२० | ५६४३३ | ५४४१४ | ५७३६५ | ६०६६८ | ५.४ | ५.८ |
| चालु खर्च | ४०६५० | ४५५१३ | ४३७३४ | ४५२०१ | ४८७१४ | ३.४ | ७.८ |
| पुँजीगत खर्च | ५०८१ | ५३४६ | ४९२४ | ५६९४ | ४९४३ | १५.६ | -१३.२ |
| राजस्व बाँडफाँट | ६१९० | ५५७५ | ५७५६ | ६४७० | ७०११ | १२.४ | ८.४ |
| २. कुल आय | ५९०१३ | ४८८५६ | ५२२७७ | ५७५१२ | ५८८५१ | १०.० | २.३ |
| राजस्व संकलन | ५४२०५ | ४५२७० | ४९६५० | ५५९६१ | ५७७४० | १२.७ | ३.२ |
| वैदेशिक अनुदान | १३८८ | ४८० | ७३७ | ७७२ | ७११ | ४.७ | -७.९ |
| अन्य प्राप्ति | ३४१९ | ३१०६ | १८९० | ७७९ | ४०१ | -५८.८ | -४८.६ |
| ३. वित्त सन्तुलन (२-१) | ७०९३ | -७५७६ | -२१३७ | १४७ | -१८१७ | - | ,- |
| ४. ऋणको ब्याज भूक्तानी | २३२४ | ३७८४ | ३९१३ | ३२७३ | ३४२३ | -१६.४ | ४.६ |
| ५. कुल खर्च (ब्याज बाहेक) | ४९५९७ | ५२६४९ | ५०५०१ | ५४०९२ | ५७२४५ | ७.१ | ५.८ |
| ६. प्राथमिक सन्तुलन (२-५) | ९४१६ | -३७९३ | १७७६ | ३४२० | १६०७ | ९२.५ | -५३.० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

# बाँडफाँड अघिको रोयल्टीसहित

## करको दायरा विस्तार

२४. २०८१ पुससम्म स्थायी लेखानम्बर लिने करदाताको सङ्ख्या ७२ लाख ८५ हजार नाघेको छ। स्थायी लेखानम्बर लिने करदाता मध्ये ७०.६ प्रतिशत व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता रहेका छन् भने व्यावसायिक र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बरको हिस्सा क्रमशः २८.९ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ६२ हजार ६ सय ७८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २९ हजार ३ सय ७५ पुगेको छ।

**तालिका ८: व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | २०८०/८१ को पुससम्ममा थप | २०८१/८२ को पुससम्ममा थप | २०८२/८३ को पुससम्ममा थप | २०८२ पुससम्म |
|---|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | २०६०७५८ | ५९९०७ | ५७५८५ | ५५२४२ | २११६००० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३५८७० | २९६१ | १३१० | ८७१ | ३६७४१ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४९०२७२२ | २९८६६१ | ३०४०६६ | ३०४८९० | ५२०७६१२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **३६१५२९** | **३६२९६१** | **३६१००३** | **७३६०३५३** |
| मूल्य अभिवृद्धि कर | ३५१७३५ | १३६३६ | १२०१२ | १३२५७ | ३६४९९२ |
| अन्त:शुल्क | १२४९९७ | ५४७७ | ५१५१ | ४९५२ | १२९९४९ |


स्रोत: आन्तरिक राजस्व विभाग।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

२५. चालु आर्थिक वर्ष २०८२/८३ को पुषसम्म कुल रु.६५ अर्ब ३९ करोड ५१ लाख बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। जसमध्ये २९.४४ प्रतिशत अनुदान र ७०.५६ प्रतिशत ऋणको हिस्सा रहेको छ। कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी सडक पूर्वाधार क्षेत्रमा ५२.५४ प्रतिशत र सबैभन्दा कम सुशासन क्षेत्रमा ०.१९ प्रतिशत रहेको छ।

**चार्ट ४: वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था**





स्रोत: अर्थ मन्त्रालय, २०८२

२६. यस अवधिमा कुल रु.६५ अर्ब ३९ करोड विकास सहायता प्राप्ति भएको छ। जसमा अनुदानको हिस्सा २९.४४ प्रतिशत र ऋणको हिस्सा ७०.५६ प्रतिशत रहेको छ।

२७. यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये पुस महिनामा सबैभन्दा बढी ५१ प्रतिशत र असोज महिनामा सबैभन्दा कम १.७ प्रतिशत रहेको छ।

चार्ट ५: चालु आर्थिक वर्षको मासिक वैदेशिक सहायता प्रतिवद्धताको मासिक स्थिति




स्रोतः अर्थ मन्त्रालय, २०८२

## सार्वजनिक ऋण

२८. २०८२ पुस मसान्तसम्म सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.२८ खर्ब ६ अर्ब ३९ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमशः ४७.० प्रतिशत र ५३.० प्रतिशत रहेको छ। यस अवधिसम्मको कुल तिर्न बाँकी सार्वजनिक ऋण आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४६.० प्रतिशत पुगेको छ। २०८१ पुस मसान्तमा सङ्घीय सरकारको कुल तिर्न बाँकी ऋण रु.२५ खर्ब ३६ अर्ब १३ करोड रहेको थियो।

२९. २०८२ पुससम्म सङ्घीय सरकारको आन्तरिक ऋण तर्फ रु.१ खर्ब २६ अर्ब ७६ करोड र बाह्य ऋण तर्फ रु.२६ अर्ब १३ करोड गरी कुल रु.१ खर्ब ५२ अर्ब ८९ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु.२८ अर्ब ३८ करोड र बाह्य ऋणतर्फ रु.५ अर्ब ८६ करोड गरी रु.३४ अर्ब २३ करोड ब्याज भुक्तानी भएको छ। यस अवधिमा सावाँ र ब्याज गरी सरकारको कुल ऋणसेवा खर्च रु.१ खर्ब ८७ अर्ब १३ करोड पुगेको छ।

तालिका ९: चालु आर्थिक वर्षको पुससम्मको मासिक ऋण सेवा खर्चको अवस्था (रु. करोडमा)

| विवरण | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक ऋण | ३२५८.७० | ३५४४.२६ | २८३८.१९ | ३५२४.५० | ६०२.३५ | १७४५.५४ | १५५१३.५४ |
| सावाँ भुक्तानी | २७१०.०० | २९३०.०० | २३७५.०० | ३२११.०० | २००.०० | १२५०.०० | १२६७६.०० |
| व्याज भुक्तानी | ५४८.७० | ६१४.२६ | ४६३.१९ | ३१३.५० | ४०२.३५ | ४९५.५४ | २८३७.५४ |
| बाह्य ऋण | ४४४.६९ | ६५५.२६ | ३२१.९० | ५७५.३३ | ९३६.३३ | २६५.६१ | ३१९९.१२ |
| सावाँ भुक्तानी | ३४५.११ | ५२२.०० | २४२.४८ | ४९९.५६ | ७९५.५८ | २०८.६६ | २६१३.३९ |
| ब्याज भुक्तानी | ९९.५८ | १३३.२६ | ७९.४३ | ७५.७७ | १४०.७५ | ५६.९५ | ५८५.७४ |
| कुल सावाँ भुक्तानी | ३०५५.११ | ३४५२.०० | २६१७.४८ | ३७१०.५६ | ९९५.५८ | १४५८.६६ | १५२८९.३९ |
| कुल ब्याज भुक्तानी | ६४८.२८ | ७४७.५२ | ५४२.६२ | ३८९.२७ | ५४३.१० | ५५२.४९ | ३४२३.२८ |
| **कुल ऋण सेवा खर्च** | **३७०३.३९** | **४१९९.५२** | **३१६०.०९** | **४०९९.८३** | **१५३८.६८** | **२०११.१५** | **१८७१२.६६** |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

## वित्तीय क्षेत्र

३०. समीक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपातमा केही वृद्धि भएको छ। कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात बढेर ५.४२ प्रतिशत पुगेको छ भने विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात घटेर ५.२९ प्रतिशत कायम भएको छ। गत आर्थिक वर्षको यस अवधिमा कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात ४.९२ प्रतिशत र विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात ५.९३ प्रतिशत रहेको थियो।

३१. हाल सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। २०८१ पुससम्म बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या १०७ रहेकोमा २०८२ पुस मसान्तमा यस्तो सङ्ख्या १०८ पुगेको छ। २०८१ पुस मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५६७ रहेकोमा २०८२ पुस मसान्तमा यस्तो सङ्ख्या ११,५०३ रहेको छ।

**तालिका १०: वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरू | २०७९ पुस | २०८० पुस | २०८१ पुस | २०८२ पुस |
|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | | |
| कुल निक्षेप | ११० | ११३.९३ | ११८.१ | १२६.४७ |
| कुल कर्जा | ९९.८५ | ९४.४७ | ९५.३१ | ९४.८६ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | | |
| निष्कृय कर्जा NPL/Total Loan | २.६३ | ३.७३ | ४.९२ | ५.४२ |
| विपन्न क्षेत्र कर्जा | ७.११ | ६.८ | ५.९३ | ५.२९ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १२१ | ११२ | १०७ | १०६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ११५८८ | ११५६७ | ११५४५ | ११५०३ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७५२ | ७५२ | ७५३ | ७५३ |
| *कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ४८३.२५ | ५३५.५ | ५७९.३ | ६१७.७९ |
| *कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १८.३३ | १८.६७ | १९.२६ | २०.२४ |
| *एटिएम (सङ्ख्यामा) | ४६४८ | ५०६४ | ५२२९ | ५२७७ |
| **भारित औसत ब्याजदर** | | | | |
| निक्षेप | ८.५१ | ७.३२ | ४.७५ | ३.५६ |
| कर्जा | १२.७९ | ११.३८ | ८.६९ | ७.१२ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१     * क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्था

३२. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ३.९ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा, २०८२ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १४.२ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा यस्तो मुद्राप्रदाय १०.२ प्रतिशतले बढेको थियो।

३३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैंङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ५.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा, २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा यस्तो मुद्राप्रदाय ७.० प्रतिशतले बढेको थियो।

तालिका ११ः बैङ्किङ्ग तथा मौद्रिक क्षेत्रको स्थिति (रु. करोडमा)

| विवरण | वर्ष (पुससम्म) | | | | फरक (२०८२) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०८० | २०८१ | २०८२ | | २०८१ | २०८२ |
| कुल निक्षेप | ५२९७९० | ६०८७०८ | ६६९१४४ | ७६८१३५ | ९८९९१ | ९.९ | १४.८ |
| कुल कर्जा | ५८८९० | ६५३३३६ | ६९१९०७ | ७२४७९७ | ३२८९० | ५.९ | ४.८ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ४७५८४२ | ४९८९६७ | ५३३९५२ | ५६९५१७ | ३५५६५ | ७.० | ६.७ |
| विस्तृत मुद्राप्रदाय | ५७३९०९ | ६५७८०३ | ७२४७३२ | ८२७२८७ | १०२५५५ | १०.२ | १४.२ |
| संकुचित मुद्राप्रदाय | ९०२७३ | ९५८३५ | ९७६७७ | ११८२९६ | २५७८७ | १.९ | २१.१ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।


३४. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो यस्तो निक्षेप ३.७ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा, २०८२ पुस मसान्तमा यस्तो निक्षेप १४.८ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा यस्तो निक्षेप ९.९ प्रतिशतले बढेको थियो।

## बीमा क्षेत्र

३५. चालु आर्थिक वर्षको पुस मसान्तसम्म बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रु.१२० अर्ब ९४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा बीमा यस्तो प्रिमियम सङ्कलन ९.४ प्रतिशतले वृद्धि भएको थियो।

३६. कुल बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमातर्फ ७९.९ प्रतिशत र निर्जीवन बीमातर्फ २०.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमातर्फ ७९.२ प्रतिशत र निर्जीवन बीमातर्फ २०.८ प्रतिशत रहेको थियो।

चार्ट ६ः पछिल्लो ५ वर्षको पुससम्मको बीमा प्रिमियम सङ्कलनको स्थिति (रु. करोडमा)





स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२

३७. २०८२ पुस मसान्तसम्म ४१.९४ प्रतिशत जनसङ्ख्यामा बीमा (म्यादी र लघुम्यादी बीमालेख सहित) को पँहुच पुगेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ५०.० प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या क्रमशः ३५.९७ प्रतिशत ४३.६२ प्रतिशत रहेको थियो।

३८. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको बीमा प्रिमियम सङ्कलनमध्ये साउन र पुस महिनाको सङ्कलन उच्च रहेको छ। यस अवधिको औसत बीमा प्रिमियम सङ्कलन २० अर्ब १६ करोड रहेको छ।

**चार्ट ७: मासिकरूपमा बीमा प्रिमियम सङ्कलनको स्थिति** (रु. करोडमा)





| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| साउन | १९५३ | १९५३ | २३५९ | २२८९ | २४४२ |
| भदौ | १५०० | १४३७ | १२६३ | १५१२ | १९८७ |
| असोज | १३३४ | १२७१ | १५०४ | १४८६ | १९०१ |
| कार्तिक | १३०४ | १२७५ | १०९३ | १५१८ | १६६५ |
| मंसिर | १२३१ | १६१३ | १५३२ | १५६० | १८८२ |
| पौष | १६७९ | १६२४ | १६१५ | १८८२ | २२१८ |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२

## पुँजी बजार

३९. २०८१ पुस मसान्तमा २५९४.१३ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८२ पुस मसान्तमा २६४१.४४ विन्दु कायम भएको छ।

**चार्ट ८: पछिल्लो एक वर्षको नेप्से सूचकाङ्कको मासिक प्रवृत्ति**





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

४०. २०८२ पुस मसान्तमा नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीको सङ्ख्या २८४ पुगेको छ। २०८१ पुस मसान्तमा यस्तो सङ्ख्या २६७ रहेको थियो।

४१. वार्षिक विन्दुगत आधारमा, धितोपत्र बजार पुँजीकरण २०८१ पुस मसान्तको तुलनामा ३.०७ प्रतिशतले वृद्धि भई २०८२ पुस मसान्तमा रु.४४ खर्ब ३५ अर्ब पुगेको छ। २०८१ पुस मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४३ खर्ब २ अर्ब ८८ करोड रहेको थियो।

**चार्ट ९: पछिल्लो ५ वर्षको पुसमसान्तसम्मको बजार पुँजीकरणको स्थिति** (रु. अर्बमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

## बाह्य क्षेत्र

### वस्तु निर्यात

४२. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कुल वस्तु निर्यात ४३.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४२ अर्ब २ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ३१.८ प्रतिशतले वृद्धि भई रु.९८ अर्ब ७९ करोड रहेको थियो।

४३. यस अवधिमा भारत र अन्य मुलुकतर्फको वस्तु निर्यात क्रमश: ५७.० प्रतिशत र १०.७ प्रतिशतले बढेको छ। यस अवधिमा चीनसँगको वस्तु निर्यात भने ६६.७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारततर्फको वस्तु निर्यात ४६.१ प्रतिशत, चीनतर्फको निर्यात १९.७ प्रतिशत र अन्य मुलुकतर्फको वस्तु निर्यात १.० प्रतिशतले वृद्धि भएको थियो।

४४. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशतर्फको वस्तु निर्यातको अंश क्रमशः ८१.५ प्रतिशत, ०.५ प्रतिशत र १८.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७४.६ प्रतिशत, १.९ प्रतिशत र २३.४ प्रतिशत रहेको थियो।

४५. वस्तुगत आधारमा भटमासको प्रशोधित तेल, अलैंची, जुटका बुनिएका कपडा, फलफुलको जुस, प्रशोधित पाम तेल, जमोठ कपडा लगायतका वस्तुको निकासी बढेको छ भने सेन्थेटिक यार्न, उनी गलैंचा कार्पेट, सूर्यमुखीको प्रशोधित तेल र तयारी कपडा लगायतका वस्तुको निकासी घटेको छ।

**तालिका १२: पुस महिनासम्म निकासी भएका प्रमुख १० वस्तु** (रु.करोडमा)

| वस्तु | २०८०/८१ | निर्यातको अंश | २०८१/८२ | निर्यातको अंश | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १८९१.०४ | १९.१ | ५६०८.२४ | ३९.५ | १९६.६ |
| अलैची | ४५६.६५ | ४.६ | ७१९.९५ | ५.१ | ५७.७ |
| सेन्थेटिक यार्न | ६८६.४४ | ६.९ | ६४४.६१ | ४.५ | -६.१ |
| उनी गलैंचा कार्पेट | ५६१.४३ | ५.७ | ४९१.२५ | ३.५ | -१२.५ |
| सुर्यमुखिको प्रशोधित तेल | ४९८.४९ | ५.० | ४७८.४५ | ३.४ | -४.० |
| तयारी कपडा | ४३८.४९ | ४.४ | ४२६.३७ | ३.० | -२.८ |
| जुटका बुनिएका कपडा | २५९.०६ | २.६ | ३५६.६९ | २.५ | ३७.७ |
| फलफुलको जुस | ३४५.४ | ३.५ | ३४९.१२ | २.५ | १.१ |
| प्रशोधित पाम तेल | ११३.६१ | १.२ | ३१४.०९ | २.२ | १७६.५ |
| जमोठ कपडा | २६४.३१ | २.७ | २९८.६७ | २.१ | १३.० |
| अन्य | ४३६३.९५ | ४४.२ | ४५१४.३५ | ३१.८ | ३.४ |
| **जम्मा** | **९८७८.८७** | **१००** | **१४२०१.८** | **१००.०** | **४३.८** |

स्रोतः भन्सार विभाग, २०८२।

४६. यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुहरूको कुल निर्यातमा अंश ६८.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा माथिका वस्तुहरूको कुल निकासीमा अंश ५५.८ प्रतिशत रहेको थियो। यस अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको हिस्सा तुलनात्मकरुपमा उच्च रहेको छ।

## वस्तु पैठारी

४७. चालु आर्थिक वर्ष २०८२/८३ को पुस महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको रु.८ खर्ब २२ अर्ब ३७ करोडको तुलनामा १४.२ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ३९ अर्ब २ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ७.१ प्रतिशतले वृद्धि भएको थियो।

४८. उक्त अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको वस्तु पैठारी क्रमश: ५.९ प्रतिशत, २२.१ प्रतिशत र ३२.४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत र अन्य मुलुकतर्फको वस्तु पैठारी क्रमशः ५.९ प्रतिशत, ८.९ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको थियो।

**तालिका १३: पुस महिनासम्म पैठारी भएका प्रमुख १० वस्तु** (रु.करोडमा)

| वस्तु | २०८१/८२ | आयातको अंश | २०८१/८२ | आयातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ५४३६.६५ | ६.६ | ५८२७.९३ | ६.२ | ७.२ |
| भटमासको कच्चा तेल | २४३७.२४ | ३.९ | ५७४३.६२ | ६.१ | १३५.७ |
| पेट्रोल | ३२१४.९३ | ३.६ | ३३०७.२२ | ३.५ | २.९ |
| एल.पी. ग्यास | २९७९.७२ | ३.१ | २७०४.२ | २.९ | -९.२ |
| शुद्ध फलाम | २५७१.७९ | ३.० | २६६५.१७ | २.८ | ३.६ |
| मोवाइल टेलिफोन | १७८४.७३ | २.७ | २३६८.७७ | २.५ | ३२.७ |
| तयारी कपडा | २२०९.७५ | २.६ | २१५१.८९ | २.३ | -२.६ |
| डि.ए.पी. मल | ४५६.१२ | २.२ | २०७०.९१ | २.२ | ३५४.० |
| सुन | ८२८.१८ | १.९ | १९६७.१ | २.१ | १३७.५ |
| एच.आर.सिट | २१२१.७८ | १.६ | १७४९.९९ | १.९ | -१७.५ |
| अन्य | ५८१९६.१४ | ७०.८ | ६३३४५.३६ | ६७.५ | ८.८ |
| **जम्मा** | **८२२३७.०३** | **१००** | **९३९०२.१६** | **१००** | **१४.२** |

स्रोतः भन्सार विभाग, २०८२

४९. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कुल वस्तु आयातमध्ये भारतबाट भएको आयातको अंश घटेको छ भने चीन र अन्य देशबाट भएको आयातको अंश बढेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ५६.७ प्रतिशत, २०.९ प्रतिशत र २२.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६१.१ प्रतिशत, १९.५ प्रतिशत र १९.३ प्रतिशत रहेको थियो।


५०. वस्तुगत आधारमा पैठारी भएका वस्तुमध्ये डिजेल, कच्चा भटमासको तेल, पेट्रोल, शुद्ध फलाम, मोबाइल टेलिफोन, डि.ए.पि. मल, सुन लगायतका वस्तुको पैठारी बढेको छ भने एल.पि. ग्यास, तयारी कपडा, एच.आर.सिट. लगायतका वस्तुको पैठारी घटेको छ।

५१. यस अवधिको कुल आयातमध्ये आयात भएका प्रमुख १० वस्तुको अंश ३२.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरूको आयातमा अंश २९.२ प्रतिशत रहेको थियो। प्रमुख १० वस्तुमध्ये डिजेलको अंश सबैभन्दा बढी ६.२ प्रतिशत रहेको छ।

## व्यापार सन्तुलन

५२. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कुल वस्तु व्यापार घाटा १०.१ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ९७ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ४.४ प्रतिशतले वृद्धि भई रु.७ खर्ब २३ अर्ब ५८ करोड थियो।

चार्ट १०: पुस महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)





स्रोतः भन्सार विभाग, २०८२।

५३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारततर्फको व्यापार घाटा २.९ प्रतिशतले घटेको छ भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः २३.२ प्रतिशत र ३६.२ प्रतिशत वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १.१ प्रतिशत, ८.८ प्रतिशत र १०.५ प्रतिशतले वृद्धि भएको थियो।

५४. विगत ६ आर्थिक वर्षको पुससम्मको कुल वस्तु व्यापारमा निकासीको अंश चालु आर्थिक वर्षमा तुलनात्मकरुपमा उच्च रहेको छ। यस्तो अंश आर्थिक वर्ष २०७७/७८ को पुस महिनामा सबैभन्दा न्यून रहेको थियो।

**चार्ट ११: पुस महिनासम्मको कुल वस्तु व्यापारमा निकासी अंश** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२।

५५. यस अवधिको कुल वस्तु निर्यातमध्ये मध्यवर्ती उपभोग्य वस्तुको अंश २९.३ प्रतिशत, अन्तिम उपभोग्य वस्तको अंश ६९.६ प्रतिशत र पुँजीगत वस्तुको अंश १.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्ता उपभोग्य वस्तुको अंश क्रमशः ४०.४ प्रतिशत, ५८.८ प्रतिशत र ०.८ प्रतिशत रहेको थियो।

५६. यस अवधिमा कुल वस्तु आयातमध्ये मध्यवर्ति उपभोग्य वस्तुको अंश ५३.५ प्रतिशत, अन्तिम उपभोग्य वस्तुको अंश ३७.६ प्रतिशत र पुँजीगत वस्तुको अंश ८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्ता वस्तुको अंश ५०.२ प्रतिशत, ४१.० प्रतिशत र ८.८ प्रतिशत रहेको थियो।

**तालिका १४: पुस महिनासम्मको वस्तु निकासी र पैठारीको संरचना** (प्रतिशतमा)

| विवरण | निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मध्यवर्ती उपभोगका वस्तु | ५५.९ | ४०.४ | २९.३ | ४९.२ | ५०.२ | ५३.५ |
| पुँजीगत वस्तु | ०.२ | ०.८ | १.१ | ८.७ | ८.८ | ८.९ |
| अन्तिम उपभोगका वस्तु | ४३.९ | ५८.८ | ६९.६ | ४२.१ | ४१.० | ३७.६ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## सेवा व्यापार

५७. खुद सेवा आय घाटा बढेको छ। गत आर्थिक वर्षको पुस महिनासम्म खुद सेवा आय रु. २९ अर्ब ४७ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको पुस महिनासम्म यस्तो आय रु.४१ अर्ब ५५ करोडले घाटामा रहेको छ।

५८. भ्रमण आय र खर्च दुवैमा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पुससम्म भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.८ प्रतिशतले बढेर रु.४२ अर्ब २१ करोड पुगेको छ भने भ्रमण खर्च ४.२ प्रतिशतले बढेर रु.१०५ अर्ब ५६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भ्रमण आय ५.२ प्रतिशतले बढेर रु.४१ अर्ब ८८ करोड र भ्रमण खर्च ९.१ प्रतिशतले बढेर रु.१०१ अर्ब ३३ करोड पुगेको थियो।

## विप्रेषण आप्रवाह

५९. चालु आर्थिक वर्षको पुससम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३९.१ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा

विप्रेषण आप्रवाह ४.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आय ३२.३ प्रतिशतले बढेर ७ अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह २.७ प्रतिशतले बढेको थियो।

६०. वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या केही घटेको छ। चालु आर्थिक वर्षको पुससम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या १०.३ प्रतिशतले सङ्कुचन भई २ लाख ६ हजार ८ सय ७ कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ११.७ प्रतिशतले बढेर २ लाख ३० हजार रहेको थियो।

६१. यस अवधिसम्म नयाँ र पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.७ प्रतिशतले वृद्धि भई १ लाख ९४ हजार ७ सय ३३ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१.४ प्रतिशतले बढेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति


६२. चालु आर्थिक वर्षको पुससम्म चालु खाता रु.४ खर्ब २९ अर्ब ९१ करोड (३ अर्ब ५६ करोड अमेरिकी डलर) ले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.१ खर्ब ६५ अर्ब ६७ करोड (१ अर्ब २३ करोड अमेरिकी डलर) रहेको थियो।

६३. चालु आर्थिक वर्षको पुससम्म शोधनान्तर स्थिति रु.५ खर्ब १ अर्ब २३ करोड (३ अर्ब ५४ करोड अमेरिकी डलर) ले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.२४९ अर्ब २६ करोड (१ अर्ब ८५ करोड अमेरिकी डलर) रहेको थियो।

## विनिमय दर

६४. २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ४.९ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४४.०१ पुगेको छ। २०८१ पुस मसान्तमा यस्तो विनिमय दर २०८० पुस मसान्तको तुलनामा ३.७ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३७.२५ रहेको थियो।

चार्ट १३: विनिमयदरको प्रवृत्ति





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

## विदेशी विनिमय सञ्चिति

६५. २०८२ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तको तुलनामा २१.१ प्रतिशतले बढेर रु.३२ खर्ब ४२ अर्ब ४५ करोड पुगेको छ। यसैगरी, अमेरिकी डलरमा २०८२ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तको तुलनामा १५.२ प्रतिशतले बढेर २२ अर्ब ४७ करोड पुगेको छ।

**चार्ट १२: कुल विदेशी विनिमय सञ्चिति** (रु.करोडमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

## पर्यटक आगमन

६६. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२५ देखि जनवरी २०२६ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.० प्रतिशतले बढेर ६ लाख ३ हजार १ सय ५० पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३.६ प्रतिशतले बढेर ५ लाख ७९ हजार ९ सय ४३ पुगेको थियो।

**चार्ट १४: पर्यटक आगमनको स्थिति** (सङ्ख्यामा) **र वृद्धिदर** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

६७. सन् २०२४ मा नेपाल आउने पर्यटकको सङ्ख्या ११ लाख ४७ हजार ५ सय ६७ रहेकोमा सन् २०२५ मा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा ०.९ प्रतिशतले वृद्धि भई ११ लाख ५८ हजार ४ सय ५९ पुगेको छ।

६८. सन् २०२५ को जनवरी महिनामा नेपाल भित्रिने पर्यटकको सङ्ख्या २०२४ जनवरीको तुलनामा १.१ प्रतिशतले वृद्धि भई ७९ हजार ९ सय ९१ पुगेको छ।

## बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू

**तालिका १५: चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसूचकको पुससम्मको मासिक विवरण** (रु. करोडमा)

| बाह्य क्षेत्रका चरहरू | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| निकासी | २३९३ | २३३९ | २५४७ | २०७१ | २३०१ | २५५१ | १४२०२ |
| पैठारी | १४३०४ | १६२११ | १६२९३ | १४१३७ | १५६७४ | १७२८३ | ९३९०२ |
| व्यापार घाटा | ११९११ | १३८७३ | १३७४६ | १२०६५ | १३३७२ | १४७३२ | ७९७०० |
| विप्रेषण आप्रवाह | १७७४१ | १७४६७ | २०१२२ | १३३८२ | १८३१८ | १९२६२ | १०६२९३ |
| चालु खाता सन्तुलन (+) बचत/(-) घाटा | ७८१४ | ५२५५ | १०६९० | ४२०६ | ७९१८ | ७१०८ | ४२९९१ |
| शोधानान्तर स्थिति (+) बचत/(-) घाटा | ८९३० | ६४३८ | ११०३४ | ५४३७ | १०३५० | ७९३४ | ५०१२३ |
| थप विदेशी विनिमय सञ्चिति | १२८३६ | ७५३२ | ९८४५ | ७५७१ | १४५९६ | ४०९७ | ५६४७७ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ८८६८० | ७८७११ | १२८४४३ | ११६५५३ | ९८१९० | ९२५७३ | ६०३१५० |

स्रोतः नेपाल राष्ट्र बैङ्क/भन्सार विभाग, २०८२

## कम्पनी दर्ता

६९. नयाँ कम्पनी दर्ता सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप कम्पनी दर्ता सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९.१ प्रतिशतले वृद्धि भई १२ हजार ५ सय ६९ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १८.९ प्रतिशतले सङ्कुचन भई ९ हजार ७ सय ३४ रहेको थियो।


**तालिका १६: मासिकरुपमा थप कम्पनी दर्ताको स्थिति** (सङ्ख्यामा)

| महिना | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|
| साउन | ३०७२ | २६८८ | २६३२ | ३४७४ | २८२५ | २१०३ | १२१० | ३०६५ |
| भदौ | २५३९ | २९८५ | १४६८ | ३९२८ | २८२८ | २२९३ | १४३३ | २६४१ |
| असोज | २४४० | १८१२ | ३३९८ | २९३५ | १५९२ | २५८१ | १७६३ | ११९४ |
| कार्तिक | ११५९ | १४५८ | १९९८ | २१४४ | १४५४ | ११०५ | १४८८ | १६४७ |
| मंसिर | २११० | २०८३ | २४८० | २६८१ | १४१८ | १९६२ | १९५४ | २०९० |
| पुस | २०७५ | २०६५ | २७४५ | १७७७ | १४८४ | १९६३ | १८८६ | १९३२ |
| **जम्मा** | **१३३९५** | **१३०९१** | **१४७२१** | **१६९३९** | **११६०१** | **१२००७** | **९७३४** | **१२५६९** |
| **वृद्धिदर** | **२४.९** | **-२.३** | **१२.५** | **१५.१** | **-३१.५** | **३.५** | **-१८.९** | **२९.१** |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८२

७०. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कम्पनी दर्ताको स्थिति हेर्दा असोज महिना बाहेक अन्य महिनामा दर्ता सङ्ख्या तुलनात्मकरुपमा बढेको छ। यस अवधिको कम्पनी दर्ता सङ्ख्या पछिल्लो ४ वर्षकै सबैभन्दा उच्च रहेको छ।

चार्ट १५: थप कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८२

## स्वीकृत विदेशी लगानी

७१. २०८२ पुससम्म विदेशी लगानीका लागि उद्योग विभागमा दर्ता भएका उद्योगको सङ्ख्या ७,७१३ पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका थप ४७४ उद्योग दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३५४ रहेको थियो।


तालिका १७: उद्योग विभागबाट स्वीकृत विदेशी लगानीको स्थिति

| वर्ष | स्वीकृत विदेशी लगानी (रु.करोडमा) | | उद्योग दर्ता संङ्ख्या | |
|---|---|---|---|---|
| २०७३ असारसम्म | ३१८३७.७ | | ४७७३ | |
| २०८२ पुससम्म# | ६७५४३.३ | | ७७१३ | |
| आर्थिक वर्ष | स्वीकृत विदेशी लगानी (रु.करोडमा) | वृद्धिदर | उद्योग दर्ता संङ्ख्या | वृद्धिदर |
| पहिलो ६ महिनाको तथ्याङ्कमा आधारित | | | | |
| २०७३/७४ | ८३०.८ | २७.८ | १८९ | २२.७ |
| २०७४/७५ | १४००.८ | ६८.६ | १६८ | -११.१ |
| २०७५/७६ | १०२५.४ | -२६.८ | १९६ | १६.७ |
| २०७६/७७ | २७६८.६ | १७० | १५० | -२३.५ |
| २०७७/७८ | २३४७.५ | -१५.२ | १२३ | -१८ |
| २०७८/७९ | ३०५६.२ | ३०.२ | १२९ | ४.९ |
| २०७९/८० | १७३०.० | -४३.४ | १३१ | १.६ |
| २०८०/८१ | २२३३.७ | २९.१ | २२६ | ७२.५ |
| २०८१/८२ | २५७७.६ | १५.४ | ३५४ | ५६.६ |
| २०८२/८३ | २४०१.१ | -६.८ | ४७४ | ३३.९ |

स्रोतः उद्योग विभाग, २०८२ #Automatic Route (AR) समेत

७२. २०८२ पुससम्म उद्योग विभागबाट रु.६ खर्ब ७५ अर्ब ४३ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको रु.२५ अर्ब ७८ करोडको तुलनामा ६.८ प्रतिशतले सङ्कुचन भई रु.२४ अर्ब १ करोड रहेको छ।

चार्ट १६: उद्योग विभागबाट विदेशी लगानीमा आधारित स्वीकृत परियोजना* (सङ्ख्यामा)




स्रोतः उद्योग विभाग, २०८२

* चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा आधारित

७३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत विदेशी लगानीमा आधारित परियोजना मध्ये साउन महिनामा सबैभन्दा बढी र पुस महिनामा सबैभन्दा कम परियोजना रहेका छन्।

## विद्युत उत्पादन, पहुँच र प्रसारण

७४. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप ४९५ मेगावाट उत्पादन क्षमता बराबरका नयाँ विद्युत उत्पादन गृहहरू राष्ट्रिय प्रशारण प्रणालीमा आवद्ध भएका छन्। २०८२ पुससम्म ४,०८६ मेगावाट (परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादित बाहेक) विद्युत उत्पादन भई राष्ट्रिय प्रणालीमा जडान भएको छ। प्रतिव्यक्ति विद्युत खपत ४५० किलोवाट घण्टा पुगेको छ। हालसम्म राष्ट्रिय विद्युत प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या ९९.० प्रतिशत पुगेको छ।

७५. यस अवधिसम्म ६६ के.भि. भन्दा माथिका करिव ७२४७ सर्किट किलोमिटर प्रसारण लाइन तथा १४,१२३ एम.भि.ए. क्षमताको सबस्टेशन निर्माण भएका छन्। विद्युत चुहावट १२.७३ प्रतिशत रहेको छ।